अनुसूची- २
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : २ प्रमाणिकरण मितिः २०७९/०७/०२ प्रकाशन मितिः २०७९/०७/०३

## <u>भाग - २</u>

### भूमिहीन मुक्तकमैयालाई घर निर्माण र काठ वापत अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०७९

स्वीकृत मिति:-२०७९/०६/३१

**प्रस्तावनाः** भूमिहीन मुक्तकमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८ अनुसार कैलाली जिल्लामा केही मुक्तकमैयालाई पुनःस्थापना गर्ने कार्य बाँकी नै रहेकोमा पुन: स्थापना कार्यमा छुट भएका भजनी नगरपालिका क्षेत्रमा बसोबास गर्ने भूमिहीन मुक्तकमैया लाई नेपाल सरकार भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट घर निर्माण र काठ वापत अनुदान शिर्षकमा रकम अनुदान प्राप्त नगरेका भूमिहीन मुक्त कमैयाहरूलाई घर निर्माण र काठ वापत अनुदान रकम दिई मुक्तकमैयाको समस्या समाधान गर्न वान्छनिय भएकोले, भजनी नगरपालिकाले यो “भूमिहीन मुक्तकमैया लाई घर निर्माण र काठ वापत अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०७९" बनाएको छ।

परिच्छेद-१

१.**प्रारम्भिक संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भूमिहीन मुक्तकमैयालाई घर निर्माण र काठ वापत अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०७९ " रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) “समिति” भन्नाले कार्यपालिकाले मुक्तकमैया पुनःस्थापन समस्या समाधान गर्न भजनी नगर कार्यपालिकाले यस कार्यविधि बमोजिम गठन गरिएको नगर स्तरीय समितिलाई सम्झनु पर्छ|

(ख) “मन्त्रालय” भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सम्झनु पर्छ|

(ग) “कार्यपालिका” भन्नाले भजनी नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ |

(घ) “मुक्तकमैया” भन्नाले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुक्त कमैया भनी पहिचान गरेको भजनी नगरपालिका क्षेत्रमा बसोबास गर्ने भूमिहीन मुक्त कमैयालाई सम्झनु पर्छ |

(ङ) "लाभग्राही मुक्तकमैया" भन्नाले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुक्तकमैया भनी पहिचान गरेको भूमिहीन मुक्तकमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८ अनुसार घर निर्माण खर्च रु. दश हजार र ३५ क्यू.फिट वा एक लाख रुपियाँ लिन छुट भएका भजनी नगरपालिका क्षेत्रमा बसोबास गर्ने भूमिहीन मुक्त कमैयालाई सम्झनु पर्छ |

परिच्छेद-२

अनुदान रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्था

**३.घर निर्माण र काठ वापत अनुदान रकम प्राप्त गर्न निवेदन दिनुपर्नेः** लाभग्राही मुक्तकमैयाले **घर निर्माण र काठ वापत** अनुदान रकम प्राप्त गर्न अनुसूची (१) बमोजिमको ढाँचामा नगर स्तरीय समिति समक्ष निवेदन दिनुपर्ने छ ।

४. **निवेदन उपर छानविनः** (१) दफा३बमोजिम प्राप्त निवेदन पेश भए पछि नगर स्तरीय समितिले निजले उक्त शिर्षकमा अनुदान रकम प्राप्त गरे नगरेको जाँचवुझ लगायतका आवश्यक छानविन गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको छानविनबाट निवेदकले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्य निकायबाट घर निर्माण र काठ वापत अनुदान रकम प्राप्त नगरेको ठहरेमा समितिले अनुसूची -२ बमोजिमको ढाँचामा सम्झौता गराउनु पर्नेछ।

**५.भूमि सुधार तथा मालपोत कार्यालयको सहयोग लिन सक्नेः** (१) भूमिहीन मुक्त कमैयाहरुको पहिचान गरी लाभग्राही छनौट गर्नका लागी नगरपालिकासंग कुनै तथ्यांक तथा लगत नभएको अवस्थामा सोको लागी भूमिहीन मुक्त कमैया पुन: स्थापना कार्यक्रम संचालन गर्ने निकाय वा भुमिसुधार तथा मालपोत कार्यालयसंग सहयोग माग गर्न सकिने छ ।

२ भुमिसुधार तथा मालपोत कार्यालयबाट पहिचान भई विवरण प्राप्त भएकाको हकमा सोही बमोजिम वितरण गर्नुपर्नेछ |

**६.मालपोत कार्यालयमा लेखी पठाउनु पर्ने:** (१) दफा ५ बमोजिम सहयोग लिनु पर्ने भएको खण्डमा भूमिहीन मुक्त कमैयाहरुको लगत, घर निर्माण र काठ वापतको रकम अनुदान प्राप्त गर्ने र नगर्ने मुक्त कमैयाहरुको बिवरण उपलब्ध गराई दिन भनी भुमि सुधार तथा मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**७. घर परिवारका अन्य सदस्यको नामबाट अनुदान रकम दिन नपाइने:** (१)नगरपालिकाको कार्यालयले दफा १० बमोजिम प्रदान गर्ने घर निर्माण र काठ वापत अनुदान रकम कुनै पनि बहानामा सम्बन्धित लाभग्राही बाहेक निजका परिवारका अन्य सदस्यको नामबाट समेत भुक्तानी गर्न पाइने छैन ।

(२) लाभग्राहीको मृत्यु भएको वा देश भन्दा बाहिर भएको अवस्थामा लाभग्राहि संग को नाता प्रमाणितका आधारमा नजिकको हकदारलाई उपलब्ध गराउन सकिनेछ|

८. **दस्तुर छुट गर्ने :-**दफा ७ बमोजिम मुक्तकमैयाको नाममा अनुदान रकम निकासा गर्दा नगरपालिकाको कार्यालयमा लाग्ने निवेदन दस्तुर, सिफारिस दस्तुर छुट गरी नि:शुल्क रुपमा गर्नुपर्ने छ।

९. **अभिलेख राख्नुपर्ने:** (१) लाभग्राही मुक्तकमैयालाई वितरण गरेको अनुदानको अभिलेख राख्नु पर्नेछ|

(२) उपदफा (१) बमोजिमको एक प्रति अभिलेख भूमिहीन मुक्त कमैया पुन:स्थापना सम्बन्धी कामकाज गर्ने मन्त्रालय, र भूमिसुधार तथा मालपोत कार्यालय, धनगढी र टीकापुरलाई उपलब्ध गराउनु पर्ने छ|

परिच्छेद-३

घर निर्माण र काठ वापत अनुदान रकम सम्बन्धी व्यवस्था

१०. **अनुदान रकमको हद:** (१) लाभग्राही भूमिहीन मुक्त कमैयालाई देहाय बमोजिमको घर निर्माण र काठ वापतको अनुदान रकम दुई किस्ता गरी उपलब्ध गराइनेछ|

(क) घर निर्माण खर्च वापत भूमिहीन मुक्तकमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८ अनुसार भुमि सुधार कार्यालय बाट उपलब्ध गराउने भनिएको रकम दश हजार रुपैंया,

(ख)भूमिहीन मुक्तकमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८ अनुसार जिल्ला वन कार्यालय बाट उपलब्ध गराउने भनिएको ३५क्यू. फिट काठ वापत एकमुष्ट एक लाख रुपैंया।

११.**रकमको व्यवस्था:१.** यस कार्यबिधि अनुसार लाभग्राही मुक्तकमैयालाई दिइने अनुदान रकम भजनी नगरपालिकाको एघारौ नगरसभा बाट स्वीकृत सामाजिक बिकासको लक्षित वर्ग कार्यक्रम तर्फ मुक्त कमैया पुन: स्थापना अनुदान शिर्षक बाट खर्च गरिनेछ|

२. अन्य थप लाभग्राहीहरु पहिचान भई आएको खण्डमा लाभग्राहीका लागि सङ्घीय सरकार बाट तोकी निकासा प्राप्त भई आएको थप अनुदान रकम बाट उपलब्ध गराइने छ।

१२. **रकमको भुक्तानी चेक मार्फत गर्नुपर्ने:** लाभग्राही मुक्तकमैयालाई घर निर्माण र काठ वापत दफा १०(क) र (ख)बमोजिम प्रदान गरिने अनुदान रकम सम्बन्धित लाभग्राही वा दफा ७को (२)बमोजिमको व्यक्तिको बैंक खातामा चेक मार्फत भुक्तानी गर्नुपर्नेछ।

परिच्छेद-४

१३. **थप रकम माग गर्न नपाउने:** मुक्तकमैयाले यस कार्यविधि बमोजिम घर निर्माण र काठ वापत अनुदान प्राप्त गरी सकेपछि उक्त शिर्षकमा रकम प्राप्त नभएको वा अपुग भएको भनि थप अनुदान रकम माग गर्न पाउने छैनन।

१४. गलत विवरण पेश गरी भुक्तानी लिएको पाइएमा वा दोहोरो गरी रकम भुक्तानी लिएको वा अबधि नपुग्दै जग्गा बेचबिखन गरेको पाइएमा सरकारी सेवा सुबिधा बाट बन्चित गरी सरकारी बाँकी सरह असुल उपर हुनेछ।

परिच्छेद-५

विविध

१५.समिति गठन गर्न सक्ने: (१) नेपाल सरकार बाट घर निर्माण तथा काठ वापत अनुदान रकम प्राप्त नगरेका भजनी नगरपालिका क्षेत्रमा बसोबास गर्ने भूमिहीन मुक्तकमैयाको पुन: स्थापनका लागी मुक्तकमैयाको छानबिन गरी स्वीकृत बजेटको कार्यन्वयन कार्यमा सहजीकरण गर्नका लागी कार्यपालिकाले “भूमिहीन मुक्तकमैया पुन: स्थापन नगर स्तरीय समिति” गठन गर्ने छ|

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका सदस्य रहनेछन|

(क) नगर प्रमुख - संयोजक

(ख) कार्यपालिकाका सदस्य मध्येबाट कार्यपालिकाले छनौट गरेका २ जना महिला, एक जना दलित गरी ४ जना- सदस्य

(ग) नगरस्तरीय मुक्त कमैया सन्जालको अध्यक्ष एक जना - सदस्य

(घ) भजनी नगरपालिका सामाजिक बिकास समितिको सदस्य- सचिव - सदस्य सचिव

(३) समितिको बैठकमा बिषयसंग सम्बन्धित कार्यालय प्रतिनिधि,बिज्ञ लगायत आवश्यकता अनुसारका अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(४)समितिको बैठकमा सहभागीहरुलाई सहभागी भए वापत भजनी नगरपालिका कार्य संचालन निर्देशिका,२०७९ बमोजिम बैठक भत्ता, खाजा तथा खाना र यातायातको सुबिधा प्रदान गर्न सकिनेछ।

१६.समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) भूमिहीन मुक्तकमैया पु:स्थापन गर्ने कार्यका लागी लाभग्राही छनौट गर्न दरखास्त मागको सूचना प्रकाशन गर्ने,

(ख)लाभग्राही जांचबुझ गरी वास्तविक लाभग्राही छनौट गर्ने,

(ग)लाभग्राहिलाई घर निर्माण तथा काठ वापत अनुदान रकम भुक्तानी दिन सिफारिस गर्ने,

(घ)अनुदान रकमको सदुपयोगका लागी लाभग्राही संग सम्झौता गर्ने,

(ङ) लाभाग्राहिले प्राप्त गरेको पहिलो किस्ता रकम उपयोगको अनुगमन तथा निरिक्षण गरी दोस्रो किस्ता रकम निकासा/ भुक्तानीको सिफारिस गर्ने

**१७.निरन्तरता दिनुपर्ने:** (१)यो कार्यविधि बमोजिम कार्य प्रारम्भ हुनुभन्दा अघि घर निर्माण तथा काठ वापत अनुदान रकम लिन छुट भएका यस नगरपालिका क्षेत्रमा बसोबास गर्ने मुक्त कमैयाहरु लाई नेपाल सरकार वा भूमिहीन मुक्त कमैयाको पुन: स्थापन क्षेत्रमा कार्य गर्ने निकायबाट उक्त शिर्षकमा रकम अनुदान प्राप्त गरेको अवस्थामा बाहेक पूर्ण रुपमा पुनःस्थापन हुन नसके सम्म यो कार्यलाई निरन्तरता दिन सकिनेछ।

२. नगरपालिका बाट अनुदान प्राप्त गर्ने लाभाग्राहिको नामावली वेबसाईट मार्फत प्रकाशन गरिने छ।

**१८. कार्यबिधि कायम रहने अबधिः** यो कार्यबिधि कार्यपालिकाले खारेज नगरे सम्म कायम रहनेछ।

**१९.बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि वमोजिम घर निर्माण तथा काठ वापत अनुदान रकम भुक्तानी गरी पुनःस्थापन गर्ने गराउने सम्बन्धमा कुनै बाधा अड्काउ परेमा भजनी नगरपालिका, नगर कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्ने छ।

अनुसूची - १

(दफा३ संग सम्बन्धित)

मुक्त कमैयाले पेश गर्ने निवेदन ढाँचा

श्री मान सदस्य सचिव ज्यू, मितिः

मुक्तकमैया पुनःस्थापन समिति, भजनी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, भजनी, कैलाली

विषयःघर निर्माण तथा काठ वापत अनुदान रकम उपलब्ध गराई पाऊ।

ममुक्तकमैया परिचय पत्र प्राप्त व्यक्ति हुँ। नेपाल सरकारबाट पुनःस्थापन वापत जग्गा प्राप्त गरेको छुं। हाल नेपाल सरकारद्धारा भूमिहीन मुक्तकमैयाहरुलाई घर निर्माण तथा काठ वापत अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको तर उक्त कार्यक्रम अन्तर्गत म सुबिधा लिन छुटेको र भजनी नगरपालिकाले उक्त कार्यक्रमलाई पुन: संचालन गरेको हुँदा तपसिल बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छुं । यस अघि घर निर्माण तथा काठ वापत अनुदान रकम पाएको छैन, झुट्ठा ठह्रे कानून बमोजिम सहुँला/ बुझाउँला।

निवेदकः

नामः- परिचयपत्र नं. ठेगानाः- भजनी नगरपालिका वडा न. टोल/ गाउँ

संलग्न कागजातहरु

१) नेपाली ना.प्र.प.को प्रतिलिपि

२) परिचयपत्रको प्रतिलिपि

३) घर निर्माण हुने स्थानको जग्गा स्वामित्व देखिने जग्गा धनी पुर्जा

४)सम्बन्धित वडा कार्यालयको सिफारिस

कार्यालय प्रयोजनका लागि

मुक्तकमैयाको नामः ना.प्र.प.नं. जारी मिति:- जारी जिल्ला:-

ठेगाना:- भजनी नगरपालिका वडा न. गाउँ/टोल

बाबुको नामः ना.प्र.प.नं. जारी मिति:- जारी जिल्ला:-

बाजे/ ससुराको नाम:- ना.प्र.प.नं. जारी मिति:- जारी जिल्ला:-

पति/ पत्निको नाम:- ना.प्र.प.नं. जारी मिति:- जारी जिल्ला:-

परिचयपत्रको न.:- प्राप्त गरेको बर्ष:- परिचयपत्रको वर्गः ("क" रातो "ख" निलो)

अनुसूची–२

(दफा४(२) को प्रयोजनको लागि)

भजनी नगरपालिकाको रोहवरमा भूमिहीन मुक्तकमैया पुन: स्थापन नगर स्तरीय समिति, भजनी, कैलाली र भूमिहीन मुक्तकमैया लाभग्राही बीच  मुक्तकमैयाको घर निर्माण गर्ने संबन्धमा भएको सम्झौतापत्र:-
भूमिहीन मुक्तकमैया पुन: स्थापन नगर स्तरीय समिति, भजनी, कैलालीको तर्फबाट श्री ....................यस पछि पहिलो पक्ष भनिएको............१

जिल्ला कैलाली भजनी नगरपालिका वडा न......गाउँ/टोल....बस्ने....छोरा/बुहारी...पति/पत्नि ना.प्र.प.न.....मिति......जिल्ला मुक्तकमैया परिचयपत्र न.....वर्ग ....को श्री .......यस पछि दोस्रो पक्ष भनिएको.....१

हामी उल्लेखित दुवै पक्षहरु दोस्रो पक्षको घर निमार्ण गर्न पहिलो पक्षले अनुदान वापत उपलब्ध गराउने रकमको सम्बन्धमा देहायमा उल्लिखित शर्तहरु पालना गर्ने गराउने गरी दुबै पक्ष बीच सहमती भई भजनी नगरपालिकाको कार्यालय,भजनी,कैलालीमा बसी निम्न लिखित साक्षीहरुको रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/ एक प्रति लियौं दियौं।

शर्त तथा अवस्थाहरु

१) नेपाल सरकार, भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले उपलब्ध मुक्तकमैया पुन: स्थापन कार्यक्रम अन्तर्गत उपलब्ध गराएको जिल्ला कैलाली भजनी न.पा.वडा.....को कित्ता न. ....मा दोस्रो पक्षले आफ्नै खर्चले घर बनाएको वा अनुदान रकम बाट घर बनाउनु पर्ने छ|
२) शर्त न.१ अनुसारनिर्माण भएका घरहरुको अनुगमन गरी पहिलो पक्षले दोस्रो पक्षलाई दुई किस्ता गरी दफा १० बमोजिमको अनुदान रकम दोस्रो पक्षको बैंक खातामा जम्मा गर्नुपर्नेछ| पहिलो किस्ता वापत ५०% भन्दा बढी रकम उपलब्ध गराइने छैन ।

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम: | नाम: |
| पद: | पद: |
| ठेगानाः | ठेगानाः भजनी नगरपालिका वडा नं. : |

साक्षीको दस्तखत:

साक्षीको नाम, थर, वतनः

तयार गर्ने:  नाम:    पद:

इतिसम्वत्२०७९ साल ..........महिना ...........गते रोज.........शुभम..................||

आज्ञाले,
नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत